
# सिनैमा करार



### शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रस्थान १९:१-२०:१७; प्रकाश २१:३; व्यवस्था ५:६-२१; याकूब १:२३-२५; रोमी ३:२०-२४; रोमी १०:४।*

**याद गर्नुपर्ने पद:** **"मैले मिश्रीहरूलाई के गरें, र तिमीहरूलाई कसरी गरुडका पखेटामा झैँ बोकेर मकहाँ ल्याएँ, सो तिमीहरूले देखेका छौ। अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, समस्त जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ। इस्राएलीहरूलाई तैंले भन्नुपर्ने कुरा यी नै हुन्"** *(प्रस्थान १९:४-६)*।

जब मिश्रदेशबाट इस्राएलीहरूलाई परमेश्वरले स्वतन्त्र पारेर निकाल्नुभयो, उहाँले तिनीहरूलाई कहाँ अगुवाइ गर्नुभयो? प्रतिज्ञा गरिएको देश—नत्र कहाँ त? भौगोलिक रूपमा त्यो जवाफ ठिक भए तापनि धर्मविज्ञान वा आत्मिक रूपमा गलत छ। परमेश्वर आफैले जवाफ दिनुभएको छ: "मैले मिश्रीहरूलाई के गरें, र तिमीहरूलाई कसरी गरुडका पखेटामा झैँ *बोकेर मकहाँ ल्याएँ*, सो तिमीहरूले देखेका छौ" *(प्रस्थान १९:४)*। त्यसकारण बाइबलको धर्मविज्ञानको जवाफअनुसार परमेश्वरको प्राथमिकता र

लक्ष्यलाई प्रकट गरिएको छ: प्रभुले तिनीहरूलाई आफूकहाँ ल्याउनुभएको थियो।

जब मानव प्राणीहरू परमेश्‍वरबाट टाढा हुन्छन्, तब उहाँले नै तिनीहरूलाई खोजी-खोजी आफूकहाँ ल्याउनुहुन्छ। यसको उत्कृष्ट नमुना अदनको बगैँचामा पाउँछौं। जब आदम र हव्वाले पाप गरे र परमेश्‍वरका आज्ञालाई उल्लङ्घन गरे तब तिनीहरू उहाँबाट लुकेका थिए। उहाँ आफै अघि सर्नुभयो र तिनीहरूलाई खोज्नुभयो: “तिमीहरू कहाँ छौ?” *(उत्पत्ति ३:९)*। उहाँले जहिले पनि पहिलो कदम चाल्नुहुन्छ। यसमा येशू आफैले स्पष्टरूपमा सारगर्भित आह्‌वान गर्नुहुन्छ: “हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ” *(मत्ती ११:२८-२९)*।

परमेश्‍वरले हामी सबैलाई बोलाइरहनुभएको छ; हाम्रो अमर जीवन उहाँको आह्‌वानप्रति हाम्रो प्रिक्रियामा भर पर्दछ।

# सिनैको पहाड

पढ्नुहोस्: **प्रस्थान १९:१-८ पढ्नुहोस्। परमेश्वरले सिनै पहाडको मुनि के प्रतिज्ञा गर्नुभयो?**

परमेश्वरले इस्राएलीहरूलाई सिनै पहाडमा डोऱ्याउनुभएको थियो। उहाँले तिनीहरूलाई मौखिक र लिखित रूपमा दश आज्ञाहरू उपलब्ध गराउन त्यहाँ ल्याउनुभएको थियो। वर्तमान येबेल म्युसा नै त्यस ठाउँ हुन सक्छ जसमा मोशाले परमेश्वरसँग धेरै पल्ट भेटेका थिए (त्यो पहाडको उचाइ ७,४९७ फिट वा २,२८५ मिटर अल्गो छ)। *प्रस्थान ३:१; १९:२; २४:१८* आदिले मोशाको भेट त्यस ठाउँमा परमेश्वरसँग भएको बताउँछ। धेरै वर्षपछि एलियाले पनि त्यही पहाडमा परमेश्वरको सामना गरेका थिए *(१ राजा १९:८)*। यही पहाडमा नै इस्राएलीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनको लागि परमेश्वरले मोशालाई बोलाउनुभयो *(प्रस्थान ३:१, १०)*। परमेश्वरले स्वतन्त्र पारिएका इस्राएलीहरू त्यही ठाउँमा उहाँको उपासना गर्नेछन् भनेर मोशालाई जानकारी दिनुभएको थियो। अब्राहाम, इसहाक र याकूबका परमेश्वरले अगुवाइ गर्नुभएको प्रमाण त्यही ठाउँले दिएको थियो *(प्रस्थान ३:१२)*।

दुई महिनाको यात्रापछि इस्राएलीहरू सिनै पहाडमा आइपुगे *(प्रस्थान १९:१)*। तिनीहरू त्यहाँ कमसेकम एक वर्षसम्म रहेका थिए *(प्रस्थान १९:१लाई गन्ती १०:११, १२सँग तुलना गर्नुहोस्)*। यस एक वर्षभित्रमा परमेश्वरले मोशाद्वारा धेरै विधिविधानहरू दिनुभएको थियो *(प्रस्थान १९-४०, लेबी १-२७* र *गन्ती १:१-१०:१०)*। मोशाका पाँच पुस्तकहरूमा वर्णन गरिएको केन्द्रिय विवरण इस्राएलीहरू सिनै पहाडमा भएको बेलामा प्रस्तुत गरिएको छ। तिनीहरू परमेश्वरका चुनिएका जनहरू हुने कुराको जग यहीँ बसालिएका थिए। मूर्तिपूजा र मानव आविष्कारका विभिन्न पौराणिक धर्म,

संस्कार र परम्पराहरूले नछोएको वा छुन आवश्यक नभएको राष्ट्र केवल त्यो मात्र थियो।

परमेश्वरले नै अघि सरेर आफू र इस्राएलसँग करार स्थापना गर्नुहुन्छ। यदि तिनीहरू आज्ञाकारी भए, उहाँसँगको सम्बन्ध कायमै राखे भने तिनीहरू परमेश्वरका विशेष सम्पत्ति, पूजारीहरूका राष्ट्र र पवित्र जाति हुने प्रतिज्ञा परमेश्वरले गर्नुभएको थियो।

पवित्र जाति हुनुको अर्थ अरूहरूका सामु उहाँका स्वभाव, चरित्र र मिजास प्रकट गर्न उहाँमा समर्पित हुनु हो। विशेष गरेर अरू राष्ट्रहरूका सामु परमेश्वरका निम्ति साक्षी हुनु हो। अरू मानिसहरूलाई परमेश्वरसँग सम्बन्ध राख्न तिनीहरू पूजारीहरूका राज्य भएर सक्रिय हुनुपर्थ्यो। अरूहरूलाई उहाँतिर अगुवाइ गर्ने र तिनीहरूलाई उहाँका मार्ग र उहाँका विधिहरू सिकाउने अभिभारा तिनीहरूलाई दिइएको थियो। तिनीहरू परमेश्वरका विशेष सन्तान वा सम्पत्ति हुनुपर्नेथियो। किनकि इस्राएल उहाँका माध्यम भएर संसारका सामु उहाँका ज्ञान, स्वभाव, चरित्र र मिजासका आत्म-ज्ञानको ज्योति चम्काउनुपर्थ्यो। परमेश्वर र उहाँका जनहरूका बीचमा सम्बन्धको वैधानिकता स्थापना गर्न करार गरिएको थियो। करारका नीतिहरू केही हदमा अलिकति फरक हुन सक्छ: “म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा मानिसहरू हुनेछन्” भनेर उहाँले वचन दिनुभएको थियो *(प्रस्थान ६:७; लेवी २६:१२; यर्मिया २४:७; यर्मिया ३१:३३; हिब्रू ८:१०; प्रकाश २१:३)*।

**परमेश्वरका विशेष सम्पत्ति वा धन हुनुको अर्थ के हो सोच्नुहोस्। त्यसले के विशेष अधिकारहरू दिन्छ? तपाईंको विशेष जिम्मेवारी के हो?**

# मानव प्राणीलाई परमेश्वरका नीतिको उपहार—दश आज्ञा

पढ्नुहोस्: **प्रस्थान १९:९-२५ पढ्नुहोस्। इस्राएलीहरूले दश आज्ञाहरू पाउन परमेश्वरले तिनीहरूलाई कसरी तयार पार्नुभयो?**

---

---

इस्राएलीहरूले दश आज्ञाको व्यवस्था पाउनुभन्दा अघि त्यो पाउन तयार हुन परमेश्वरले तिनीहरूलाई विशेष निर्देशनहरू दिनुभएको थियो। तिनीहरूका बाहिरी शुद्धताले परमेश्वरप्रति तिनीहरूका पूरा समर्पित जीवनलाई प्रतिबिम्बित गर्नुपरेको थियो। प्रभुको शानदार महिमा प्रकट भएको अनुभव गर्न तिनीहरू तयार हुनुपरेको थियो। त्यो भव्य प्रकटको विवरण यस प्रकार छ, "तेस्रो दिन जब बिहान भयो तब पर्वतमा गड्याङगुडुरुङ भयो र बिजुली चम्क्यो र बाक्लो बादल पर्वतमा उठ्यो र तुरहीको अति चर्को आवाज सुनियो। छाउनीमा भएका सबै जनहरू थरथर कामे" *(प्रस्थान १९:१६)*।

बाइबलीय नैतिक, आचरण र परमेश्वरलाई प्रकट गर्ने मुटु नै दश आज्ञाको व्यवस्था हो। सारा मानव जगत्का निम्ति चाहिने दैविक स्तरको जग नै दश आज्ञा हो। यसमा समस्त मानव प्राणीका निम्ति आचार संहिता उल्लेख गरिएको छ। यसमा भएका नीतिहरू जगत्व्यापी र सनातन छन्।

बाइबलको अनुसार दश आज्ञा परमेश्वरले नै मौखिक रूपमा दिनुभएको थियो *(प्रस्थान १९:१९; २०:१; व्यवस्था ५:४, ५, २४)* र उहाँकै हातले लेख्नुभएको थियो *(प्रस्थान २४:१२; प्रस्थान ३१:१८; व्यवस्था ५:२२)*। मोशालाई विशेष उपहारको रूपमा यो दुई पल्ट दिइएको थियो *(प्रस्थान ३२:१९; प्रस्थान ३४:१; व्यवस्था १०:१, २)*।

प्रस्थानको पुस्तकमा दश आज्ञालाई "गवाही भनेर सम्बोधन गरिएको छ (हिब्रूमा *'edut; प्रस्थान ३१:१८*)। यो "करारका शब्दहरू" भनेर नाउँ दिइएको छ (हिब्रूमा *dibre habberit; प्रस्थान ३४:२८*)। दश आज्ञा दुई ढुङ्गाका पाटीहरूमा लेखिएका थिए भनेर व्यवस्था ९:९, ११, १५मा लेखिएको छ। हिब्रू भाषामा ती दुवै पुस्तकहरूमा दश आज्ञा भनेर नै उल्लेख गरिएको छैन। हिब्रू भाषामा *mitzwot*को अर्थ "आज्ञाहरू" हो। तर त्यही शब्द प्रयोग गर्नुको सट्टामा तिन पल्ट "दश शब्दहरू" भनिएको छ। यो हिब्रूमा *aseret haddebarim* हो जुन *dabar*बाट आएको शब्द हो। यसको अर्थ नै "शब्द, वाक्य, पदार्थ, थोक, बोली, कथा, प्रतिज्ञा, उच्चारण हो *(प्रस्थान ३४:२८; व्यवस्था ४:१३; व्यवस्था १०:४ हेर्नुहोस्)*।

दश आज्ञाका दुई संस्करणहरू छन् जो अलिकति फरक छन्। पहिलो संस्करण प्रस्थान २०:१-१७मा छ। दोस्रोचाहिँ व्यवस्था ५:६-११मा छ। दोस्रो संस्करण मोशाले इस्राएलीहरूलाई मौखिक रूपमा प्रस्तुत गरेका थिए जुन सिनैको पहाडको झण्डै ४० वर्षपछि दिइएको थियो। तिनीहरू प्रतिज्ञा गरिएको देशमा पुग्नुभन्दा अघि दिइएको थियो *(व्यवस्था १:३, ४; व्यवस्था ४:४४-४७)*। यस परिस्थितिमा दश आज्ञाका संस्करणहरू अलिकति भिन्न भएको पाइन्छ।

जब पावलले दश आज्ञालाई संक्षिप्त रूपमा प्रस्तुत गरे तब उनले त्यसको सारांश प्रेम हो भनेका थिए। उनले दश आज्ञाबाट नै देखाएका थिए *(रोमी १३:८-१०)*। हो, परमेश्वरका दश आज्ञाको संक्षिप्त सार नै प्रेम हो किनकि परमेश्वर प्रेम हुनुहुन्छ *(१ यूहन्ना ४:१६)*।

**दश आज्ञा परमेश्वरको प्रेम व्यक्त भएको भन्ने धारणालाई तपाईंले कसरी बुझ्नुहुन्छ? यसको अर्थ के हो? त्यसबाट परमेश्वरको प्रेम कसरी प्रकट गरिएको छ?**

# दश आज्ञाको उपहार

पढ्नुहोस्: **प्रस्थान २०:१-१७ पढ्नुहोस्। दश आज्ञामा के नीतिहरू दिइएका छन् र कसरी मिलाइएका छन्?**

---

---

यो केलाएर हेर्नुहोस्। दश आज्ञा, जसलाई अङ्ग्रेजीमा डेकालग Decalogue भनेर सम्बोधन गर्छ, आदेश वा आज्ञाहरू दिएर यसको सुरु गरिएको छैन। तर आफ्ना जनहरूका निम्ति उहाँले अनुग्रहका काम गरेको उल्लेख गरेर सुरु गरिएको छ: "म परमप्रभु तिमीहरूका परमेश्‍वर हुँ, जसले तिमीहरूलाई मिश्रदेश, अर्थात् दासत्वको देशबाट निकालेर ल्याएँ" *(प्रस्थान २०:२)*। परमेश्‍वरले इस्राएलीहरूलाई स्वतन्त्र र मुक्ति दिनुभएको कुराद्वारा पहिला उहाँको अनुग्रह देखाउनुहुन्छ। अनि मात्र उहाँले उहाँको चाहना प्रकट गर्नुहुन्छ। ती आज्ञाहरू परमेश्‍वरले तिनीहरूका लागि के गर्नुभयो भनेर आभार प्रकट गर्दै उहाँमा प्रेमाभाव भएर पालन गर्नुपर्छ।

दश आज्ञाको संक्षिप्त सार नै प्रेम हो। यो उहाँको सार हो *(रोमी १३:१०)*। आज्ञाको सबभन्दा ठूलो आज्ञा नै प्रेम हो जुन दुई तरिकाले व्यक्त गरिन्छ: परमेश्‍वरप्रति प्रेम *(व्यवस्था ६:५)* र छिमेकीप्रति प्रेम *(लेवी १९:१८)*।

परमेश्‍वरलाई कसरी प्रेम गर्ने भनेर प्रथम चार आज्ञाहरूले बताउँछन् र बाँकी छ आज्ञाहरूले हाम्रो छिमेकीलाई कसरी प्रेम गर्ने भन्ने कुरा भनेका छन्। दश आज्ञा परमेश्‍वरलाई सबैभन्दा माथि सम्मान र श्रद्धा गर्नुपर्छ भनेर सुरु गरिएको छ। यो ठाडो प्रेम हो। अनि अरूहरूलाई कदर गर्नु भन्ने दश आज्ञाले निरन्तरता दिन्छ। यो तेर्सो प्रेम हो:

१. हाम्रो जीवनको प्रत्येक परिस्थितिमा परमेश्‍वरलाई नै पहिलो र सर्वोच्च स्थान दिएर उहाँको कदर र श्रद्धा गर्नुपर्छ (पहिलो आज्ञा);

२. परमेश्वरले पाउनुपर्ने विशेष स्थानमा उहाँलाई नै राखेर उहाँको स्थानलाई सुरक्षित राखेर उहाँको सम्मान गर्नुपर्छ। उहाँको ठाउँमा कुनै मूर्ति जुन पत्थर वा भौतिक, संज्ञात्मिक वा प्रतिक चाहे आध्यात्मिक नै किन नहून ती राख्नुहुँदैन। हाम्रो शुद्ध स्नेह र प्यार प्रभुको हो (दोस्रो आज्ञा);

३. उहाँको नाउँको इज्जत राख्ने, उहाँको नाउँमा श्रद्धा राख्ने। उहाँको चरित्र, स्वभाव र मिजासलाई आदर गर्ने (तेस्रो आज्ञा);

४. उहाँको विश्रामको दिनलाई कदर गर्ने र त्यस दिनमा उहाँको आराधना गर्ने जुन शबाथ दिन हो (चौथो आज्ञा);

५. बाबु र आमाहरूलाई आदर गर्ने (पाँचौँ आज्ञा);

६. जीवनको कदर गर्ने (छैठौँ आज्ञा);

७. दाम्पत्य जीवनको कदर (सातौँ आज्ञा);

८. अरूहरूका सम्पत्तिको कदर (आठौँ आज्ञा);

९. अरूहरूका प्रतिष्ठा र नाउँको कदर गर्ने (नवौँ आज्ञा); र

१०. आफूलाई नै कदर गर्ने र हाम्रो चरित्रलाई बिगार्ने कुनै किसिमको स्वार्थी चाहनाहरू हुन नहुने (दसौँ आज्ञा)।

येशू आफैले यो जिकिर गर्नुभएको छ: "यदि तिमीहरूले मलाई प्रेम गर्‍यौ भने तिमीहरूले मेरा आज्ञाहरू पालन गर्नेछौ" *(यूहन्ना १४:१५; १ यूहन्ना ४:२०, २१ पनि हेर्नुहोस्)*। यसरी सही आज्ञाकारी हुनु नै प्रेमलाई व्यक्त गर्नु हो। उहाँप्रति हामी आभार छौं भनेर देखाउनु नै उहाँको आज्ञा पालन गर्नु हो। हाम्रो आचरण र अरूहरूप्रति गर्ने व्यवहारले तिनीहरूप्रति हाम्रो प्रेमलाई शक्तिशाली रूपमा व्यक्त गरिरहेको हुन्छ।

# परमेश्वरका दश आज्ञाका विभिन्न कामहरू

परमेश्वरको दश आज्ञाले उहाँको चरित्र, स्वभाव र मिजासलाई प्रकट गर्छ। उहाँ को हुनुहुन्छ भनेर परिभाषा त्यस आज्ञाले दिन्छ। परमेश्वर पवित्र, धर्मी र असल हुनुहन्छ; उहाँको दश आज्ञा वा व्यवस्था पनि पवित्र, धर्मी र असल छ। यसमा पावलले यो अनुमोदन गर्छन्: "व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ" *(रोमी ७:१२)*।

बाइबलमा परमेश्वरको दश आज्ञालाई सकारात्मक दृष्टिले हेरिएको छ *(मत्ती ५:१७, १८; यूहन्ना १४:१५; १ कोरन्थी ७:१९)*। व्यवस्थाको बारेमा ध्यान दिएर कविता नै रच्न सक्छ जसरी भजनसंग्रह ११९मा छ; गीत पनि गाउन सक्छ जुन भजनसंग्रह १९मा लेखिएको छ। यसमा दिन र रात साधना गर्न सकिन्छ *(भजनसंग्रह १:२; यहोशू १:८)*। व्यवस्थाले हामीलाई दुष्ट आचरणबाट अलग राख्न सहयोग गर्छ र हामीलाई चाहिने ज्ञान, बुद्धि, समझशक्ति, स्वास्थ्य, फलिफाप र शान्ति दिन सक्छ *(व्यवस्था ४:१-६, हितोपदेश २ र ३)*।

१. परमेश्वरको व्यवस्था पर्खालजस्तो हो जसभित्र फराकिलो स्थान वा स्पेस छ, जसमा हामी कसरी जिउनुपर्छ भन्ने आचार संहिता छ र यसले चेतावनी पनि दिन्छ। यदि सिमा नाघ्यौं भने खतरा, समस्या र जटिल परिस्थितिहरूको पनि सामना गर्नुपर्ने हुन्छ। यसको दायरामा नबस्दा अकालमा मृत्युको पनि सामना गर्नुपर्ने हुन्छ *(उत्पत्ति २:१६, १७; याकूब २:१२)*।

२. अत्यन्तै सरल तरिकाले येशूलाई व्यवस्थाले नै औंल्याउँछ। उहाँले हाम्रा पापहरूलाई क्षमा दिनुहुन्छ र हाम्रो जीवन नै परिवर्तन गर्नुहुन्छ *(२ कोरन्थी ५:१७; १ यूहन्ना १:७-९)*। यस हिसाबले व्यवस्था हाम्रो अभिभावक र संरक्षक हो जसले ख्रीष्टतिर अगुवाइ गर्छ *(गलाती ३:२४)*। अभिभावकलाई ग्रिक भाषामामा *paidagogos* भनिन्छ।

**पढ्नुहोस्: याकूब १:२३-२५ पढ्नुहोस्। याकूबले यहाँ के भनिरहेका छन् र व्यवस्थाले हामीलाई मुक्ति नदिए तापनि यो किन महत्त्वपूर्ण छ र यसका कामहरू हाम्रा जीवनमा कसरी चरितार्थ गर्नुपर्छ?**

---

---

ऐनाले हाम्रो अनुहारमा भएका दागहरूलाई देखाउँछ। तर ऐना आफैमा केही छैन जसले हाम्रा अनुहारका दागहरू हटाउन सक्छ। ऐनाले हाम्रो लागि समस्याहरूलाई औँल्याउँछ तर तिनीहरूका समाधान दिँदैन। दश आज्ञालाई घोटेर वा घोकेर धर्मात्मा हुन खोज्नु भनेको ऐनामा नै हेरिरहनु ताकि ऐनाले हाम्रा दाग र कमजोरहरूलाई हटाऊँ भन्ने ठान्नु जस्तै हो।

मुक्ति भनेको विश्वासद्वारा पाइन्छ, धर्मकर्म गरेर पाइन्दैन। दश आज्ञालाई पालन गर्नु भनेको कर्म गर्नु हो भन्ने कतिपय इसाई विद्वान र प्रचारकहरूले सिकाउँछन् र सिकाइरहेका छन्। त्यसकारण, यसको पालन गर्नु आवश्यक नै छैन भनेर पनि तिनीहरूले जिकिर गर्छन्। तर व्यवस्थाले नै पापको परिभाषा दिन्छ भनेर पावलले नै पुष्टि गरेका छन्: "यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ" *(रोमी ७:७)*। त्यसकारण दश आज्ञा खतम भयो भन्ने कतिपय इसाईहरूले सिकाइरहेको धारणा नै व्यवस्था र सुसमाचारको बीचमा भएको गाढा सम्बन्धको ठूलो गलत वाख्या हो। व्यवस्था वा दश आज्ञा भएकै कारणले हामीलाई सुसमाचारको आवश्यकता भएको देखिन्छ।

**तपाईं आफैले दश आज्ञालाई पालन गर्न कसरी सफल हुनुभएको छ? के तपाईंको मुक्ति यसलाई पालन गरेर पाइन्छ भन्ने मनोभावमा तपाईं हुनुहुन्छ कि? यदि हो भने सुसमाचारको औचित्य के छ र?**

# परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएको रूपमा दश आज्ञा

**पढ्नुहोस्: रोमी ३:२०-२४ पढ्नुहोस्। दश आज्ञालाई पालन गरेर हामीले मुक्ति पाउँदैनौं भन्ने कुरामा पावल स्पष्ट भए तापनि दश आज्ञाले हाम्रो जीवनमा कसरी काम गर्न दिनुपर्छ?**

मोशाले दश आज्ञालाई वर्णन गर्दा हिब्रू भाषाको *dabarim*लाई प्रयोग गरिएका थिए *(प्रस्थान ३४:२८; व्यवस्था ४:१३; व्यवस्था १०:४)*। यसको अक्षरशः अर्थ आज्ञाहरू होइन तर "शब्दहरू" बुझाउँछ। यो शब्द *dabar*लाई (एक वचन) प्रतिज्ञा अर्थ पनि लगाइन सक्छ। त्यसैकारण धेरै पदहरूमा *(१ राजा ८:५६; २ इतिहास १:९; नहेम्याह ५:१२, १३; व्यवस्था १:११; व्यवस्था ६:३; व्यवस्था ९:२८; यहोशू ९:२१; २२:४; २३:५)*मा यो शब्द *dabar*लाई नाम वा क्रियापदमा अनुवाद गरेर यसले प्रतिज्ञा भन्ने धारणालाई व्यक्त गर्दछ।

दश आज्ञाको कामको बारेमा एलेन जी. ह्वाइटले यो आत्मज्ञान दिन्छिन्, "दश आज्ञाहरू ... दश प्रतिज्ञाहरू हुन्।"—एलेन जी. ह्वाइट कमेन्टस्, द *एस डिए बाइबल कमेन्टरी*, ठेली १, पृ. ११०५। दश आज्ञाहरू प्रतिज्ञाहरूका रूपमा बुझ्नुपर्छ। यसअनुसार हामी चले हामीलाई ठिक मार्गमा डोर्‍याएर उहाँले अचम्मका कामहरू गर्न सक्नुहुनेछ। तर हामीले उहाँका आज्ञाहरूलाई मान्नैपर्छ।

पढ्नुहोस्: **रोमी १०:४ पढ्नुहोस्। येशू व्यवस्थाको "अन्त" हो भन्ने पावलको भनाइलाई हामीले कसरी बुझ्ने?**

पावलको भनाइमा येशू ख्रीष्ट व्यवस्थाको अन्त वा *टेलोस telos* हुनुहुन्छ। त्यसको अर्थ उहाँले दश आज्ञालाई निलम्बन गर्नुभयो वा खारेज गर्नुभयो भनेको होइन। तर, येशू ख्रीष्ट लक्ष्य हुनुहुन्छ र दश आज्ञाको नियत हुनुहुन्छ। उहाँको बलिले व्यवस्थाको महत्त्व र निरन्तरतालाई खारेज गरेको छैन।

बरु त्यसको विपरीत पावलले दश आज्ञाको महत्त्व, यसको वैधानिकता र निरन्तर अधिकारको बारेमा जिकिर गर्दछन् *(रोमी ३:३१; १ कोरन्थी ७:१९; गलाती ५:६)*। *टेलोसको* आधारभूत अर्थ नै दश आज्ञाको उद्देश्य र लक्ष्यलाई बुझाउँछ। यो समयसँग सरोकार छैन। परमेश्वरको आज्ञा वा दश आज्ञाको सही अर्थ र लक्ष्यलाई बुझ्ने साँचो येशूसँग छ। त्यसकारण, येशूले यसलाई खारेज गर्नुभयो, दश आज्ञालाई नाघ्नुभयो वा निकम्मा बनाउनुभयो भन्ने धारणा बिलकुल गलत छ। येशू नै दश आज्ञाको लक्ष्य हुनुहुन्छ। उहाँले नै यसलाई औँल्याउनुभएको छ।

**दश आज्ञाले येशूलाई कसरी औँल्याउँछ? त्यसको अर्थ व्यवस्थाले नै हाम्रो बारेमा कस्तो कुरा प्रकट गर्छ जसले हामीलाई येशूको आवश्यता भएको देखाउँछ?**

**थप जानकारी:** एलेन जी. ह्वाइटले लेख्नुभएको *पाट्रियार्क्स एण्ड प्रोफेटसको* पृ. ३०३-३१०को "द ल गिभन टु इस्राएल" र पृ ३३१-३४२को "शैतानस् एनिमिटी अगेन्टस्ट द ल" भन्ने अध्यायहरू पढ्नुहोस्।

"अत्यन्तै शानदार र भव्य तरिकाले आफ्नो आज्ञालाई प्रस्तुत गर्ने परमेश्वरले निर्णय गर्नुभएको थियो। यस प्रक्रियामा उहाँका उच्च स्तरको चरित्रलाई कायमै राखिएको थियो। परमेश्वरको सेवामा संलग्न हुने प्रत्येक रीति वा सेवालाई अति उच्च श्रद्धा गर्नुपर्छ भनेर मानिसहरू प्रभावित भएका थिए।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. ३०३।

श्रद्धा र मर्यादालाई कदर गर्ने नीति अहिले पनि महत्त्वपूर्ण छ। परमेश्वरको महानता, अपार र राजकीयतालाई बुझे मात्र उहाँप्रति श्रद्धा जाग्दछ। परमेश्वरको गौरव र महिमा देख्दा हाम्रा हृदयमा उहाँप्रति कृतज्ञता जाग्दछ र हामीमा भएका अभिमानलाई नम्र पारिन्छ। जति हामी परमेश्वरको पवित्रतालाई नजिकै हेर्छौं त्यति हाम्रो जीवनमा भएका अपरिपक्वता, कमजोरीपन र दोषहरूलाई देख्न सक्छौं। यसले गर्दा हाम्रो जीवनलाई परिवर्तन गरेर उहाँको सामु परिवर्तन हुन हामी भोको हुन्छौं। अनि हामी उहाँजस्तै हुने चाहना गर्ने हुन्छौं।

उहाँलाई चिन्नुको अर्थ हामी उहाँभन्दा विपरित छौं भनेर थाहा पाउनु हो। उहाँको पवित्र व्यवस्था वा दश आज्ञाले येशूमाथि हामीलाई पूरै भर पर्न सिकाउँछ। हाम्रो निम्ति उहाँ मर्नुभएकोले हाम्रो सबै धार्मिकता उहाँमा नै भर पर्छ।

फेरि त्यसैबखत येशूले हामीलाई स्पष्ट पार्नुभएको छ कि यदि हामीले परमेश्वरलाई नम्र भएर हाम्रो प्रभु भनेर मान्यौं भने उहाँका आज्ञाहरू मान्न भारी हुँदैन *(मत्ती ११:२८-३०)*। दश आज्ञाको वैधानिकता स्थायी छ भनेर येशूले स्पष्ट पार्नुभएको थियो *(मत्ती ५:१७-२०)*। जब हामी प्रेमले अभिप्रेरित भएर दश आज्ञालाई पालन गर्छौं र हाम्रो मुक्तिको निम्ति उहाँले के गर्नुभयो सोप्रति आभारित हुन्छौं, तब हाम्रो उहाँसँगको सम्बन्ध रमाइलो भइरहन्छ। दश आज्ञालाई पालन गर्दा पाइने ठूला फाइदाहरूप्रति हामी रमाइलो मानिरहेका हुन्छौं। दश आज्ञालाई बेवास्ता गर्दा चल्ने मानिसहरूका गतिहरू हेरौं त, तिनीहरूमा कस्तो अनाहकमा पीडा हुँदोरहेछ। हामीले दश

आज्ञा पालन गरेकोले होइन, उहाँमाथि भरोसा राख्दा मुक्तिको आश्वासप्रति हामी रमाइलो नै मानेर हामीले हाम्रो जीवनलाई बिताइरहेका हुन्छौं।

## छलफलको लागि प्रश्नहरू:

१. जुन तरिकाले इस्राएलीहरू दश आज्ञा पाउनुभन्दा अघि तयार हुनुपरेको थियो त्यसले तिनीहरूमा हुनुपर्ने परमेश्वरप्रतिको श्रद्धालाई जगाएको थियो। आज हाम्रो चर्चको जीवनमा त्यस्तै किसिमको श्रद्धा र परमेश्वरको सामु झुक्ने प्रवृत्ति कता हरायो? के बिस्तारै त्यसलाई हामीले हराउन थाल्यौं र?

२. परमेश्वरको करारको नीतिका ध्यान गर्नुहोस्: "म तिनीहरूका परमेश्वर हुनेछु र तिनीहरू मेरा जनहरू हुनेछन्।" हाम्रो निम्ति यसको अर्थ के छ? के हामीले व्यक्तिगत र सामूहिक रूपमा उहाँका भावनालाई प्रकट गरिरहेका छौं त?

३. जब परमेश्वरले आदेश दिनुहुन्छ तब त्यो पालन गर्न उहाँले हामीलाई सक्षम बनाउनुहुन्छ। एलेन जी. ह्वाइटले व्यक्त गर्नुभएको छ: "उहाँका सबै आदेशहरू पालन गर्न हामीलाई सामर्थ दिनुहुन्छ।"—*क्राइस्ट अबजेक्ट लेसनस्*, पृ. ३३३। यो प्रतिज्ञा वा दाबरलाई हामीले कसरी व्यवहारमा उतार्ने?

४. क्रूसपछि व्यवस्था रद्दा भयो भन्ने सामान्य तर्कलाई हामीले कसरी प्रतिक्रिया दिने? धेरै जसो अवस्थामा तिनीहरूले वास्तवमा के रद्दा भयो भनिरहेका छन्?

## सपना साकार हुन्छ

*लेखक:* आन्ड्यु मेकचेस्नी

एनिया न्गुलुबे जाम्बियामा सातौँ-दिनको शबाथ मनाउने गैर-एड्भेन्टिष्ट घरमा हुर्केकी थिइन्। शबाथ मात्र नभएर उनका आमाबाबुको चर्चमा बिरामीहरूले औषधि अस्वीकार गर्नुपर्छ र चर्चका नेताहरूबाट प्रार्थना खोज्नुपर्छ भनेर सिकाउँथे। यदि कुनै बिरामीको मृत्यु भयो भने, चर्चका सदस्यहरूले यसलाई परमेश्वरको इच्छा हो भनेर विश्वास गर्थे। त्यस चर्चका धेरै सदस्यहरू मलेरिया र अन्य उपचार गरेर निको हुने रोगहरूबाट मरेका थिए।

एनियाले आफ्ना आमाबाबु र उनीहरूका विश्वासलाई कदर गर्थिन्। तर किशोरावस्थामा पुग्दैजाँदा उनी र एक बहिनी आइतबार चर्चमा जान थालिन्। उनका अन्य पाँच भाइ-बहिनीहरू सेभेन्थ-डे एड्भेन्टिष्ट चर्चमा जान्थे र शनिबार आराधना गर्दथे। उनीहरूका आमाबाबुले आफ्ना छोराछोरीहरू कुन चर्चमा जान्छन् भन्ने कुरामा कुनै आपत्ति जनाएका थिएनन्।

किशोरी अवस्थामा एनिया नर्स बन्न चाहेकी थिइन्। औषधि अस्वीकार गर्ने घरमा हुर्केकी भए पनि, उनी बिरामीहरूको हेरचाह गर्न चाहन्थिन्। उनले आफ्नो घरबाट लगभग २० माइल वा ३२ किलोमिटर टाढा रहेको चिपाटा सहरको म्वामी एड्भेन्टिष्ट स्कूल अफ नर्सिङमा पढ्ने सपना देखिन्। जब उनले हाई स्कूल पूरा गरिन्, उनले आफ्नो इच्छा आफ्नो दाजु केन्सनलाई सुनाइन्। उनी एड्भेन्टिष्ट चर्चका एल्डर थिए। आफ्नी बहिनीको एड्भेन्टिष्ट स्कूलमा पढ्ने विचार केन्सनलाई मन पऱ्यो, र उनले पूर्वी जाम्बिया फिल्डका अध्यक्षलाई सम्पर्क गरेर अर्को स्कूल वर्षको लागि भर्ना कहिले खुल्छ भनेर सोधे। भर्ना समाप्त भएको थाहा पाएपछि, उनले आफ्नी बहिनीको लागि ठाउँ पाउन बिन्ती गरे। पूर्वी जाम्बिया फिल्डका अध्यक्ष मोसेस बान्डाले स्कूलमा फोन गरे, र उनले पत्ता लगाए कि उनी भर्ना हुने सम्भावना थिएन।

कक्षाहरू खचाखच भरिएका थिए। तर एक वा दुई दिन पछि, स्कूलले उनको लागि ठाउँ भेट्टायो। एनियाले विश्वास गर्न सकिनन्, विशेष गरी किनभने उनी सेभेन्थ-डे एड्भेन्टिष्ट थिइनन्। उनको सपना साकार भएको थियो!

उनी स्कूल आएको एक हप्तापछि, स्कूलमा एक हप्ताको आध्यात्मिक कार्यक्रम थियो। त्यसको वक्ता जाम्बियाली प्रहरी पादरी गडफ्री सियाङ्गा थिए। उनले बप्तिस्माको बारेमा कुरा गर्दा एनियाको हृदय फुरुङ्ग फुल्यो। उनले पानीमा डुबेर बप्तिस्मा लिएकी थिइनन्। *"मलाई येशूजस्तै बप्तिस्मा लिन दिनुहोस्। उहाँ चाँडै आउँदै हुनुहुन्छ,"* भनेर उनले प्रार्थना गरिन्। एक हप्ताको आध्यात्मिक जागरणको अन्त्यमा एनिया बप्तिस्मा लिइन् र एड्भेन्टिष्ट चर्चमा सामेल भइन्।

पूर्वी जाम्बिया फिल्डका लागि एड्भेन्टिष्ट मिसन संयोजक इमानुएल म्वालेले यो बताए, "म्वामी एड्भेन्टिष्ट स्कूल अफ नर्सिङमा येशूका बारेमा आफ्नो ज्ञानमा बढ्ने धेरै विद्यार्थीहरूमध्ये एनिया एक हुन्। एनियाजस्ता येशूलाई विश्वास नगर्ने धेरै विद्यार्थीहरू आउँछन्। प्रत्येक वर्ष त्यहाँका विद्यार्थीहरूले नयाँ विद्यार्थीहरूलाई येशूका बारेमा सक्रिय भएर सुनाउँछन्।"

